**बैठक संख्याः २०८१।०८२ – १५**

## बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक ।

मितिः- वि. स. २०८२ साल असार ०३ गते सोमबार — समयः- ११ बजे देखि शुरु ।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू ।

स्थानः गाउँपालिका सभाहल तनहुँ ।

उपस्थित पदाधिकारीहरुको विवरणः

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा न. १ वडाअध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिकावडा न .२ वडाअध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिकावडा न. ३ वडाअध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिकावडा न. ४ वडाअध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिकावडा न. ५ वडाअध्यक्ष | | |
| ९ | श्री पार्वती वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| राष्ट्र सेवक कर्मचारी | | | | |
| १५ | युवराज खानिवाते | | | |
| १६ | रामु पराजुली | | | |
| १७ | | | | |
| | | | | |

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८१/०८२/१५

मिति : २०८२/०३/०३

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) आ.व.२०८२/०८३ को बजेट सम्बन्धमा ।

२) चालु आ.व.का योजना सम्बन्धमा ।

३) नीति कार्यक्रम र बजेट बारे सरोकार वालाहरुको बैठक सम्बन्धमा ।

४) गाउँसभाको मिति सम्बन्धमा ।

५) विविधमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को बजेट सिलिङ्ग जम्मा ४६ करोडको रहने छ भने सोही बजेट मध्यबाट ३०/३० लाखको सिलिङ्गमा प्राथमिकताको आधारमा योजना छनौट गरी पालिका सभामा समावेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा चालु आ.व.मा संचालनका रहेका योजनाहरु सम्बन्धमा छलफल गर्दा सबै वडा कार्यालयहरुबाट योजनाहरुको काम ८५ प्रतिशत सम्पन्न भै सकेको र बाँकी योजनाहरु पनि यसै आ.ब.मा सम्पन्न हुने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा आगामी आ.व.को लागि हुने नीति कार्यक्रम र बजेट बारे सरोकार वालाहरुको बैठक मिति २०८२/०३/०५ गतेका दिन गाउँपालिका सभाहलमा राख्ने साथै उक्त कार्यक्रममा सहभागीहरुको नामावली सबै वडा अध्यक्ष ज्यु मार्फत प्राप्त गरि फोनबाट उपस्थितिका लागि जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व.०८२/०८३ को गाउँसभाको बैठक मिति २०८२/०३/१० गतेका दिन पालिका सभाहलमा बस्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं.५ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- आउँदो वर्षादलाई आवश्यक पर्ने १०० थान तारजाली खरिदको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

- वडा नं.५ मा संचालनमा रहेको गामपानी मोटर मार्गको लागि अपुग रकम थप गरी काम सम्पन्न गर्ने निर्णय गरियो ।
- यसै पालिका वडा नं.४ मा रहेको छरछरे खानेपानी आयोजना ठेक्का नं.००३/NCB/WORKS/GRM/2079-080 को माता नवदुर्गा कन्स्ट्रक्सनले निर्माण काम सम्पनन गरेको र LDP समया अवधि भित्र मर्मत गर्नुपर्ने कामको लागि पटक पटक जानकारी गराउँदा वेवास्ता गरेकोले कोटेसन मार्फत मर्मत काम अगाडी बढाइएकोले काम सम्पनन पछि माता नवदुर्गा कन्स्ट्रसनको धरौटीबाट कट्टा गरी भुक्तानी दिने निर्णय गरियो ।
- कार्यालय संचालनका शिर्षकमा अपुग रकम उपयुक्त शिर्षकबाट रकमान्तर गरि भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- तपसिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

तपसिल,

| क्र.स | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | नेपाल पत्रकार महासंघ | १२,०००.०० | अधिवेशन |
| २ | मिमाद-६ मा भएको अन्तरपालिका स्तरीय भु.पु. भलिवल कम २०८२ खेलाडी खाजा खर्च | २१५००.०० | |
| ३ | धारादी खा.पा.तथा स.उ.स.घिरिङ-२ | २५ एम.एम.को८०० मि.पाइप खरिद गर्ने | |
| ४ | चित्र बहादुर कुमाल | २५०००.०० | करेन्टलागी निर्मला कुमालको मृत्यु भएको |
| ५ | नेपाल राष्ट्रिय शिक्षक संगठन | १२०००.०० | |
| ६ | अन्त बहादुर थापा घिरिङ-३ | १५०००.०० | मृगौला पिडीत |
| ७ | रमेश सिं थापा | १०,०००.०० | गोरु बाँघले मारेको |
| ८ | लु बहादुर राना | १०,०००.०० | घर टहरा बनाउने |
| ९ | श्री जलदेवी आधारभूत विद्यालय घिरिङ-४ | १०,०००.०० | हावाहुरीले छाना उडाएको |
| १० | पृथ्वी माया थापा घिरिङ-४ | १०,०००.०० | हावाहुरीले छाना उडाएको |
| ११ | अनेरास्ववियू राष्ट्रिय सम्मेलन | २५०००.०० | |

- प्रस्ताब: सडक बोर्ड नेपाल अन्तर्गत अर्जेलखोला र कृष्ण मोटर मार्ग जाने सडक मर्मत योजनाको कार्य परिमार्जन र घ्याछाप पुटटार मोटर मार्ग (दोस्रो खण्ड) को भुक्तानी गर्ने र म्याद थप गर्ने सम्बन्धमा र सरस्वती आ.बि अत्रौंलिको बिद्यालयको फर्निचर खरिद योजनामा फर्निचर खरिद गर्ने सम्बन्धमा ।
- घिरिङ गाउँपालिका वडा नं २ मा अबस्थित घ्याछाप पुटटार मोटर मार्ग दोस्रो खण्ड निर्माण योजना (02/NCB/WORKS/GRM/2081-82) घिरिङ गाउँपालिका प्रथम पक्ष र लिसम निर्माण सेवा दोस्रो पक्ष

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

बीच लागत अनुमान बमोजिमको कार्य कबोल रकम रु ११७०६४१५.८ भ्याट समेतमा मिति २०८१/०८/२४ गते मिति २९८२/०२/१५ गते भित्र सम्पन्न गर्ने गरि सम्झौता भएको मा सो कार्यको लागत अनुमानमा Tack Coat को norms फरक पर्न गई quantity calculation standard norms को भन्दा कम भएको र quality maintain गर्न ठेकदारको पक्षवाट मिति २०८१/११/२० गते सो quantity standard norms अनुसार संसोधन गरि पाउ भनि निबेदन पेश भएकोले Standard Specification for Road and Bridge Works को Section 1300, Table 13.16, Page no 13-20 मा उल्लेख भए अनुसार 19 mm Uncoated aggregate को लागि Bitumen Binder Spraying Rate 1.2 kg/m2 generally equivalent to 1.2 lit/m2 र 10mm Uncoated aggregate को लागि Bitumen Binder Spraying Rate 0.9 kg/m2 generally equivalent to 0.9 lit/m2 उल्लेख भए अनुसार संसोधन गर्ने र ठेकदारको रेटपनि यसमा घटेको हुदा र सम्झौता रकम नबढ्ने गरि र राज्यलाइ घाटा नपर्ने गरि गुणस्तरीय बाटो निर्माणको लागि संसोधन गरिएको र सोको अन्तिम बिल प्राबिधिक मुल्यांकन गरि भुक्तानी दिने निर्णय गरियो, टेस्ट रिपोर्ट र Insurance को रकम सोको कन्टिनजेन्शी वाट भुक्तानी दिने र सो कार्यको समय अबधि २०८२/०८/१५ गते सम्म थप गर्ने निर्णय गरियो ।

- सडक बोर्ड नेपाल अन्तर्गत अर्जेलखोला र कृष्ण मोटर मार्ग जाने सडक मर्मत योजनाको (03/SQ/WORKS/GRM/2081-82) को कार्यको अर्जेलखोलामा विंग वाल बनाउनको लागि १:६ को मसलामा ढुंगाको गरो लगाउने लागत अनुमान भएको तर त्यहाँको जन समुदाएको माग र भूगोलको अवस्था अनुसार पहाडमा प्लम्ब वाल लगाउन उपयूक्त हुने भनि घिरिंग निर्माण सेवाले निबेदन मिति २०८१/१२/२५ मा पेश गरेकोमा फिल्ड अनुगमन गरि सो उपयूक्त देखिएको र प्लम्ब वालको रेट ढुंगाको वाल भन्दा कम भएको र राज्यलाई फाईदा नै हुने भएकोले सो कार्य गर्न र फिलिंगको कार्य पनि सम्झौता रकममा नबढ्ने गरि भएको कार्यको भूक्तानी दिनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो|
- घिरिङ गाउँपालिकाको वडा नं १ अत्रौलिमा अबस्थित श्री सरस्वती आ.बिमा फर्निचर खरिद योजनामा फर्निचर खरिद गरि भुक्तानी दिने निर्णय गरियो र स.इ. अमृत कुमार श्रेष्ठलाइ खरिद समितिमा समाबेश गर्ने निर्णय गरियो|

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष